कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३१३ | वि.सं. २०८१ फागुन २२ बिहिवार | नेपाल संवत: ११४५, फागुन शुक्ल सप्तमी | Thursday 6 March 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-


# प्रयोगविहिन कर्णालीका तीन विमानस्थल
# धावनमार्ग विस्तारको पर्खाइमा सुर्खेत र जुम्ला

**ओम शाही**
**सुर्खेत, २१ फागुन ।**

लामो समयदेखि चर्चा र विवादको केन्द्रमा रहने सुर्खेत विमानस्थल स्तरोन्तीको विषय पुनः सतहमा आएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सुर्खेत विमानस्थल विस्तारमा स्रोत सुनिश्चित गर्न अर्थ मन्त्रालयलाई पत्र लेखेसँगै सेलाई सकेको विषय पुनः सतहमा आएको हो।

मन्त्रालयले १५ फागुनमा मन्त्रीस्तरिय निर्णय गर्दै नेपाल नागरिक उड्डयन प्राधिकारणबाट सिफारिस भए बमोजिमका तीन वटा विमानस्थलका लागि आवश्यक पर्ने जग्गा अधिकरणमा थप बजेट व्यवस्था गरिदिन अर्थ मन्त्रालयमा पत्र लेखेको छ। यी विमानस्थल विस्तारका लागि चालु आर्थिक वर्षमा काम अघि बढाउन चार अर्ब ९० करोड रुपैयाँको स्रोत सुनिश्चितता खोजिएको छ।

जसमा सुर्खेत विमानस्थल विस्तारमा १० अर्ब बजेट आवश्यक पर्नेमा चालु आर्थिक वर्षमा जग्गा अधिकरण गर्न चार अर्ब ९० करोड रुपैयाँको स्रोत सुनिश्चिता अर्थ मन्त्रालयसँग मागिएको छ। चालु आर्थिक वर्षमा सुर्खेत विमानस्थल विस्तार योजना अन्तर्गत १० करोड

बाँकी ३ पेजमा



## स्तरोन्तीको पर्खाइमा जुम्ला विमानस्थल

यात्रुको बढी चाप हुने जुम्ला विमानस्थल पनि स्तरोन्तीको पर्खाइमा छ। सञ्चालनमा रहेको विमानस्थलले धावनमार्ग विस्तार गर्न जग्गा अधिकरणमा आवश्यक पर्ने बजेटको अभाव झेलिरहेको छ। विमानस्थल विस्तारका लागि १८३.०५ रोपनी जग्गा अधिग्रहण गर्नुपर्ने हुन्छ। जसका लागि ४४ करोड आवश्यक पर्ने अनुमान छ।

जुम्ला विमानस्थलको धावनमार्ग ६ सय ७० मिटरबाट बढाएर एक हजार ५० मिटर पुऱ्याउँने लक्ष्य छ। संघीय सरकारले जग्गा अधिकरणका लागि चालु आर्थिक वर्षमा दश करोड विनियोजन गरेको छ। तर, यो रकम अपर्याप्त छ। बजेट अभावका कारण धावनमार्ग विस्तार, टावर, टर्मिनल भवन,

बाँकी ४ पेजमा

## प्रयोगविहिन तीन विमानस्थल

कर्णालीमा करोडौं रकम खर्चेर निर्माण गरिएका तीन विमानस्थल प्रयोगविहिन अवस्थामा छन्। कालीकोटको नरहरिनाथ गाउँपालिका-१ स्थित कोटबाडामा निर्माण गरिएको सुनथराली विमानस्थल जहाजको पर्खाइमा छ। २०४२ सालबाट निर्माण थालेर ३९ वर्षमा पूरा भए पनि यो विमानस्थल परीक्षण उडानमा नै सीमित बनेको छ। विमानस्थल निर्माण थालिएको झण्डै चार दशक मात्रै बितेको छैन, यस अवधिमा विमानस्थल निर्माणका क्रममा ३५ जना मजदुरले ज्यान पनि गुमाएका छन्।

कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री रहेका जीवनबहादुर शाही संस्कृति, पर्यटन तथा नागरिक उडड्यान मन्त्री हुँदा २९ माघ २०७३ मा पहिलो पटक

बाँकी ४ पेजमा

# कर्णाली नदी र निकुञ्ज क्षेत्रको दीर्घकालीन समाधान खोज्दै सुझाव समिति

**सरला सुवेदी**
**बाँके, २१ फागुन ।**



लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री स्तरीय दोस्रो संयुक्त बैठकबाट गठित सुझाव समितिले तयार पारेको प्रतिवेदन लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यलाई हस्तान्तरण गरिएको छ।

समितिका संयोजक सामाजिक विकास मन्त्रालयका सचिव अणप्रसाद न्यौपाने र सदस्य सचिव सुशील बस्नेतले उक्त प्रतिवेदन मुख्यमन्त्री आचार्य तथा प्रमुख सचिव बाबुराम अधिकारीलाई बुझाएका हुन्।

मुख्यमन्त्री आचार्यले राष्ट्रिय निकुञ्ज क्षेत्र र नदी क्षेत्रमा देखिएका समस्या समाधानका लागि संघीय सरकारसँग पहल गर्ने प्रतिबद्धता जनाए। उनले सुझाव समितिको प्रतिवेदनलाई गम्भीरताका साथ अध्ययन गरी कार्यान्वयनका लागि आवश्यक नीति तथा योजना बनाइने बताए। सुझाव समितिले तयार पारेको प्रतिवेदनमा कर्णाली नदी क्षेत्रको संरक्षण, दिगो उपयोग र व्यवस्थापनका लागि बहुआयामिक रणनीति अवलम्बन गर्नुपर्ने निष्कर्ष निकालिएको छ। प्रतिवेदनअनुसार सम्बन्धित सरोकारवालासँग सहकार्य गर्दै प्रभावकारी कार्यान्वयन गरिनुपर्ने लुम्बिनी प्रदेश सरकारले जनाएको छ।

सुझाव समितिको प्रतिवेदनमा कर्णाली नदीको बहावलाई सन्तुलित राख्न विशेष योजना आवश्यक रहेको उल्लेख छ। बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रसँग समन्वय गरी जलप्रवाह अवरुद्ध भएका नौ स्थानबाट करिब ८ लाख १८ हजार ७५० घनमिटर नदीजन्य पदार्थ हटाउनुपर्ने प्रतिवेदनमा सिफारिस गरिएको छ। यसका लागि संघीय सरकारबाट अनुमति लिएर तत्काल कार्य प्रारम्भ गरिनुपर्ने बताइएको छ।

प्रतिवेदनले कैलालीतर्फ नदी बहावलाई व्यवस्थित गर्दै अनियन्त्रित उत्खनन रोक्नुपर्ने योजना अघि सारेको छ। उत्खनन गरिने क्षेत्रको निरन्तर अनुगमन गरी मापदण्ड विपरीत उत्खनन भए तत्काल कारबाही गर्नुपर्ने उल्लेख छ। साथै, चिसापानी पुलमुनि गहिरिँदै गएको नदी सतहलाई नियन्त्रण गर्न आवश्यक संरचना निर्माण गरिनुपर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ।

रानी जमरा कुलरिया सिँचाइ आयोजना क्षेत्रको जलस्रोत व्यवस्थापनलाई सुदृढ बनाउन गेरुवा नदीतर्फ पानीको बहाव बढाउने गरी जलाशययुक्त बाँध वा संरचना निर्माण गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ। यसको लागि आवश्यक बजेट व्यवस्थापन गरी जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयमार्फत कार्यान्वयन गर्न जोड दिइएको छ।

बाँकी ३ पेजमा

# बाँकेको नौबस्ता बालसुधार गृहमा झडप, तीन प्रहरी घाइते

**युग संवाददाता**
**सुर्खेत, २१ फागुन ।**

बाँकेको बैजनाथ गाउँपालिका-३ स्थित नौबस्ता क्षेत्रीय कारागारमा रहेको नौबस्ता बाल सुधार गृहमा झडप भएको छ। बुधबार कानुनी विवादमा परेका बालकहरुलाई राख्ने विषयमा उत्पन्न विवादले झडप हुँदा तीन प्रहरी घाइते भएका छन्।

कर्णालीबाट कानुनी विवादमा परेका तीन बालकलाई बालगृहमा बुझ्ने र बुझाउनेक्रममा सुधार गृहभित्रका बालक र प्रहरी बिच झडप भएको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी उपरीक्षक तुलबहादुर कार्कीले बताए।

बालगृहमा रहेका बालकहरुले सुर्खेतबाट पठाइएका बालकलाई राख्न अवरोध गरेपछि प्रहरीसँग झडप भएको कार्कीले बताए। कर्णालीमा बालसुधार गृह नहँदा कानुनी झमेलामा परेका बालकहरुलाई बाँकेमा रहेका सुधार गृहमा पठाउने गरिएको छ।

'सुर्खेतबाट ल्याइएको बालकहरुलाई बुझ्ने र बुझाउने प्रक्रिया थाल्दा सुधार गृहमा रहेका बालकहरुले प्रहरीलाई आक्रमण गरेपछि झडप भएको हो,' कार्कीले भने, 'सुधार केन्द्रमा रहेका बालकहरुले प्रहरीमाथि आक्रमण गर्दा तीन जना प्रहरी घाइते भएका छन्। उनीहरुको अहिले नेपालगञ्ज मेडिकल कलेजमा उपचार भइरहेको छ।'

उनका अनुसार प्रहरीमाथि आक्रमणमा संलग्न पाँच जनालाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको छ। घटनापछि थप प्रहरी परिचालन गरेर स्थिति नियन्त्रणमा लिइएको कार्कीले बताए। कार्कीका अनुसार बाल सुधार गृहमा दुई सय ५७ जना कानुनी विवादमा परेका बालकहरु रहेका छन्। बाल सुधार गृहमा झडप भएको यो पहिलो घटना भने होइन।

यसअघि पनि बाल बिज्याइँमा परेका बालक र प्रहरी बिच पटक-पटक झडप हुने, फरा हुने लगायतका घटना दोहोरिदै आएका छन्। १८ वर्ष नाघेका युवायुवतीलाई लक्षित गरेर महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गतको केन्द्रीय बाल न्याय समितिले सुधार गृह गत वर्षदेखि सञ्चालनमा आएको थियो।

# पुरोहितलाई नियमन गरिँदै : अब पुराण वाचक गर्न अनुमतिपत्र लिनुपर्ने

**युग संवाददाता**
**काठमाडौं, २१ फागुन ।**

पुराण वाचक, ज्योतिषी कर्म गर्ने र कर्मकाण्ड गर्ने ब्राह्मणको परीक्षा लिएर अनुमतिपत्र दिने तयारी सुरु भएपछि नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिमा प्रशिक्षण लिनेको भीड लागेको छ। प्रशिक्षण लिन चाहनेको भीड लागेपछि यही महिनाको अन्तिमदेखि छ महिने कार्यक्रम सुरु गर्न लागिएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिए।

ज्योतिष र कर्मकाण्ड प्रशिक्षण लिन चाहनेहरू समितिमा आएर सोधपुछ गर्न थालेपछि सूचना निकालेर यही महिनाको अन्तिमदेखि प्रशिक्षण दिन लागिएको हो। समितिमा आफैं खोजी गर्दै २० जना प्रशिक्षार्थी आएको समितिले जनाएको छ।

प्रशिक्षण लिन चाहनेमध्ये महिला र अपाङ्गलाई छुटको

बाँकी ४ पेजमा


## सडकको संरक्षण गरौं

सडक सबैको साझा सम्पत्ति हो, त्यसको संरक्षण र संवर्द्धन गर्नु सबैको दायित्व हो,
**त्यसैले,**

- सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं,
- निर्माण सामाग्री सडकमा नथुपारौं,
- सडकमा सवारी साधन धुने नगरौं,
- सडकका नालीमा अवरोध नगरौं,
- सवारी आवागमनमा वाधा नपर्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## विज्ञापन दर/रेट सम्बन्धी सूचना

युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २०००/- | रु. १८००/- |
| भित्री पृष्ठ | रु. १५००/- | रु. १२००/- |
| अन्तिम पृष्ठ | रु. १७००/- | रु. १५००/- |

**वर्गीकृत**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५००/- | रु. १५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७०/- |

**ज्याकेट १ पेज रु. ८,00,000/-**

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

फोन नं.: ९८५८०५२८१० / ९८५८०५५६२७ / ९८५८०५५६२८
इमेल: yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

विश्वभरी एकै पटक इ-पेपरका लागि
www.yugnews.com
facebook
https://www.facebook.com/yugnews
यहाँ स्क्यान गर्नुहोस् ।
Job Karnali — Jobkarnali.com
Tender Karnali — Tenderkarnali.com
ebazar — ebazar.com
GET IT ON Google Play
yugnews.com

## सम्पादकीय....

# एसईईको नतिजा सुधारमा ध्यान दिऔं !

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) चैत ७ गतेबाट सुरु हुँदैछ। वर्षभरी आर्जन गरेको ज्ञान, सीपलाई परीक्षाको माध्यमबाट विद्यार्थीले देखाउने अवसर पनि हो एसईई। यसले विद्यार्थीको उच्च शिक्षाको ढोकासमेत खोल्दछ। कर्णाली प्रदेशमा यो बर्षको एसईईको तयारी पुरा भएको छ। यस वर्ष कर्णाली प्रदेशबाट ३७ हजार नौ सय ११ विद्यार्थी परीक्षामा सहभागी हुँदैछन्। जसमा नियमिततर्फ ३१ हजार आठ सय चार, ग्रेड बृद्धितर्फ ६ हजार एक सय सात र प्राविधिकतर्फ एक हजार तीन सय ४२ विद्यार्थी छन्। विगतका बर्षहरुको तथ्यांक हेर्ने हो भने यो पटक कर्णालीमा एसईई दिने विद्यार्थीको संख्यामा बृद्धि भएको छ। गत वर्ष कर्णालीबाट ३५ हजार आठ सय आठ विद्यार्थी थिए। यो वर्ष झण्डै दुई हजार विद्यार्थीको संख्यामा बृद्धि भएको देखिन्छ। राज्यले सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर सुधारका नाममा वर्षेनी अर्बौं बजेट खर्च गरिरहेको छ। तर, नतिजा भने लगानी अनुसार सुध्रिन सकेको अवस्था छैन। विशेष गरी कर्णाली प्रदेशमा पछिल्ला बर्षहरुका एसईई परीक्षाका नतिजालाई विश्लेषण गर्ने हो भने, सामुदायिक विद्यालयको गुणस्तर निकै कमजोर छ।

गत वर्ष परीक्षामा सहभागी भएका ५८ प्रतिशत विद्यार्थी माथिल्लो कक्षामा पढ्न नपाउँने गरी ननग्रेडेड भएका थिए। यो नतिजा आफैमा लज्जास्पद हो। कोरोना माहामारी यता अपनाइएको मूल्याङ्कन प्रणालीमा बानी परेका विद्यार्थी तथा शिक्षकलाई गत वर्षको परीक्षाले झापड हानेको छ। विद्यार्थी नपढेपनि पास भइन्छ भन्ने मनोविज्ञानमा परे। शिक्षक पनि आन्तरिक मूल्यांकनमा सुटुक्क नम्बर दिन बानी परेर पढाउँन बिर्से। यहाँ शिक्षकले पढाएनन् भनेको चाँही होइन। तर, उच्च शिक्षाको मुल ढोका मानिने तहमा गर्नुपर्ने मेहनतबाट भने शिक्षक चुके। यसको पुष्टि गत वर्षको एसईईमा विद्यार्थीले मुख्य विषयमा पाएको अंक हेरे हुन्छ। पढाइमा मेहनत नगर्ने विद्यार्थी, कक्षा कोठामा अल्छी गर्ने शिक्षक र बेमतलबी अभिभावकका कारण नतिजा खराब आएको हो भन्दा फरक पर्दैन। हाम्रा सामुदायिक विद्यालयमा अभिभावकलाई आफ्ना बालबालिका विद्यालय गए पुग्छ। शिक्षकलाई औपचारिकता निभाए पुग्छ। अनि कताबाट सुध्रिन्छ विद्यार्थीको नतिजा ? कर्णाली आफैमा दुर्गम क्षेत्रमा पर्दछ। जहाँ शिक्षाको अवस्था अपेक्षाकृत कमजोर छ। विद्यालयहरूको भौतिक संरचना, सिकाइको गुणस्तर, योग्य शिक्षकको अभाव, विद्यार्थीहरूको न्यून उपस्थितिलगायत विभिन्न समस्याले शिक्षालाई गुणात्मक बनाउन निकै चुनौती छ। यतिसम्म कि कर्णालीका बालबालिकाका हातमा समयमै पाठ्यपुस्तकसमेत पुग्न सक्दैन।

विषयगत शिक्षकको चरम अभाव छ। राज्यले शिक्षा क्षेत्रमा खर्चेको ठुलो धनराशी भौतिक संरचनामा केन्द्रित छ। ठुलाठुला भौतिक संरचना निर्माण गर्ने तर कक्षा कोठामा दक्ष शिक्षकको अभाव रहने परिस्थितीले शिक्षाको गुणस्तर कदापी सुधार हुन सक्दैन। संघीयतापछि शिक्षा हेर्ने अधिकार स्थानीय तहलाई दिएको छ। शिक्षक व्यवस्थापनदेखि शिक्षाको गुणस्तर सुधारमा प्रभावकारी काम गर्नुपर्नेमा स्थानीय तहहरु शिक्षकलाई तलब खुवानबाहेक अन्य नविन कार्यमा ध्यान पुर्‍याउन सकेका छैनन्। संघीय सरकारबाट प्राप्त स्रोतको सहि परिचालनमार्फत अनुगमन, मूल्याङ्कन र नियमनको पाटो बलियो बनाउँनतर्फ स्थानीय तहको ध्यान पुगेकै छैन। यस्तो अवस्थामा कर्णालीको सार्वजनिक शिक्षा भविष्यमा अझै भद्रगोल हुने निश्चित छ। जबसम्म शिक्षालाई पहिलो प्राथमिकतामा राखेर तीनै तहका सरकारहरुले कक्षा कोठालाई सिकाई मैत्री बनाउँदैनन् तबसम्म कर्णालीले दिने शिक्षा गुणस्तर बन्न सक्दैन। कर्णालीको शिक्षामा गुणात्मक सुधार ल्याउन सकिएमात्रै बालबालिकाको भविष्य उज्ज्वल मात्र होइन, समग्र प्रदेशको समृद्धिमा समेत योगदान पुग्दछ। यसमा राज्य, पढाउने शिक्षक, पढ्ने विद्यार्थीसँगै अभिभावक जिम्मेवार नभएसम्म जीवन उपयोगी शिक्षा हात पर्नेवाला छैन।

## विश्व

# निजी अमेरिकी अन्तरिक्ष यान चन्द्रमामा अवतरण

**वासिङ्टन डिसी, २१ फागुन ।**
अन्तरिक्षमा लामो यात्रापछि एक अमेरिकी कम्पनी साहसी चन्द्रमामा अवतरण गरेको छ। यसको अन्तरिक्ष यान सफल भएपछि यो उपलब्धि हासिल गर्ने दोस्रो निजी अवतरणकर्ता बनेको छ।

फायरफ्लाई एरोस्पेसको ब्लु घोस्ट मिशन १ ले आइतबार बिहान ३:३४ बजे अमेरिकी पूर्वी समय (०८३४ जिएमटी) भन्दा अघि अवतरण गर्ने लक्ष्य राखेको छ। यसले मोन्स ल्याट्रेल नजिकको स्थान, चन्द्रमाको उत्तरपूर्वी नजिकको भागमा मारे क्रिसियममा रहेको एक ज्वालामुखी विशेषतालाई लक्ष्य गरेको छ।

"ल्यान्डरले वास्तवमै राम्रोसँग व्यवहार गरेको छ", ब्लु घोस्टका कार्यक्रम प्रबन्धक रे एलेन्सवर्थले अस्टिन, टेक्सासमा मिसन कन्ट्रोलबाट प्रत्यक्ष वेबकास्टमा भने, "हामीसँग कुनै ठूला विसङ्गतिहरू छैनन्, जुन अद्भुत छ।" "हामी अमेरिकालाई पहिलो स्थानमा राख्दैछौँ, हामी अमेरिकालाई गर्वित तुल्याउँदैछौँ, हामी यो अमेरिकी नागरिकहरूका लागि गर्दैछौँ", नासाकी कार्यवाहक निर्देशक जानेट पेट्रोले भने।

'घोस्ट राइडर्स इन द स्काई' को उपनाम दिइएको यो मिशन पहिलो निजी चन्द्र अवतरणको एक वर्षभन्दा अलि बढी समयपछि आएको छ र यो आर्टेमिस कार्यक्रमलाई समर्थन गर्न र खर्च कम गर्न उद्योगसँगको नासा साझेदारीको हिस्सा हो। यो कार्यक्रमले अन्तरिक्ष यात्रीहरूलाई चन्द्रमामा फिर्ता गर्ने लक्ष्य राखेको छ।

हिप्पोपोटामसको आकारको सुनौलो ल्यान्डर जनवरी १५ मा स्पेसएक्स फाल्कन ९ रकेटमा प्रक्षेपण गरिएको थियो र यसले बाटोमा पृथ्वी र चन्द्रमाको आश्चर्यजनक फुटेज खिचेको थियो। यसले मे महिनामा अवतरण प्रयास गर्ने जापानी कम्पनीको अवतरणकर्तासँग यात्रा साझा गरेको थियो।

ब्लु घोस्टले १० वटा उपकरणहरू बोकेको छ। यसमा चन्द्र माटो विश्लेषक, विकिरण-सहिष्णु कम्प्युटर र चन्द्रमामा नेभिगेट गर्न विद्यमान ग्लोबल स्याटेलाइट नेभिगेसन प्रणाली प्रयोग गर्ने सम्भाव्यता परीक्षण गर्ने प्रयोग समावेश छ।

पूर्ण चन्द्र दिन ९१४ पृथ्वी दिन० का लागि सञ्चालन गर्न डिजाइन गरिएको ब्लु घोस्टले मार्च १४ मा पृथ्वीले चन्द्रमाको क्षितिजबाट सूर्यलाई रोकेको बेला पूर्ण ग्रहणको उच्च परिभाषा इमेजरी खिच्ने अपेक्षा गरिएको छ।

मार्च १६ मा यसले चन्द्र सूर्यास्त रेकर्ड गर्नेछ। अपोलो अन्तरिक्ष यात्री युजिन सर्नानले पहिलो पटक दस्तावेज गरेको रहस्यमय चन्द्र क्षितिज चमक सिर्जना गर्दै यसले सौर्य प्रभावमा धुलो सतहभन्दा माथि कसरी उठ्छ भन्ने विषयमा अन्तर्दृष्टि प्रदान गर्नेछ।

# विश्व शान्ति कायम गर्न प्रेरित गर्दै बौद्ध गुरुहरू



कृष्णराज गौतम/रासस

लुम्बिनी, २१ फागुनः विश्व सम्पदामा सूचीकृत लुम्बिनी क्षेत्रमा बौद्ध गुरुहरूले अहिले विश्व शान्ति कायम गर्न अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गरेका छन्। अखिल नेपाल भिक्षु महासङ्घको आयोजनामा जारी चौथो त्रिपिटक वाचन समारोहमा सहभागी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बौद्ध धर्म गुरुहरूले विश्व शान्ति तथा मानव कल्याणका लागि गरेको कामनाले सबैको ध्यानाकर्षण गराएका हुन्। समारोहमा नेपाल, भारत, श्रीलङ्का, कम्बोडिया, थाइल्याण्ड, चीन, कोरीया, जापानलगायत १६ देशका लामा, बौद्ध भिक्षुभिक्षुणी गरी करिब दुई हजारको सहभागिता रहेको छ।

महासङ्घले मुलुकमा धार्मिक पर्यटन प्रवर्द्धनका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा बौद्ध साहित्यको प्रचारप्रसार गर्ने उद्देश्यले बुद्ध जन्मस्थल लुम्बिनीस्थित मायादेवी मन्दिर परिसरमा यही फागुन २० देखि २५ गतेसम्म शुरु गरिएको आध्यात्मिक कार्यक्रममा बुधबारदेखि चौथो अन्तर्राष्ट्रिय त्रिपिटक पाठ गरिएको हो। उपप्रधान एवम् सहरी विकासमन्त्री प्रकाशमान सिंह, लुम्बिनी विकास कोषका अध्यक्ष लाह्र्याक्याल लामा र महासङ्घका अध्यक्ष भिक्षु बोधिसेन महास्थविरले दीप प्रज्ज्वलन गरी कार्यक्रम शुभारम्भ गर्नुभएको हो।

शाक्यमुनि बुद्धले बोधिसत्व प्राप्त गरेपछि करिब ४५ वर्षसम्म विभिन्न स्थानमा निरन्तर प्रदान गरेका उपदेश तथा आध्यात्मिक ज्ञान सङ्गृहित ग्रन्थ त्रिपिटक हो। महासङ्घका कोषाध्यक्ष भिक्षु बोधिज्ञानले विश्वका विभिन्न शक्ति राष्ट्रबीचको द्वन्द्व अन्त्य गरी सुखपूर्वक मानिसको जीवनयापनको अधिकारलाई सुनिश्चित गर्न यस्ता आध्यात्मिक गतिविधि महत्वपूर्ण हुने विचार व्यक्त गर्नुभयो।

अभिधर्म, सूत्र र विनय गरी तीन भागमा वर्गीकरण गरिएको त्रिपिटकलाई बौद्ध साहित्यमा मूल ग्रन्थ मानिएको छ। उक्त ग्रन्थलाई विभिन्न भाषामा अनुवाद गरिएको छ। थेरवाद, महायानलगायत सबै सम्प्रदायका बौद्ध धर्मावलम्बीले अवलम्बन गर्ने यो ग्रन्थलाई सम्बन्धित सम्प्रदायको धार्मिक प्रभावअनुसार अभ्यास गर्ने गरेको पाइन्छ। बुद्धले बोधगयामा बुद्धत्व प्राप्त गरेका थिए। त्यसपछिका ४५ वर्ष उनले मानिसहरूलाई धर्म-दर्शन तथा सामाजिक जीवनका कुरा बताए। बुद्धका ती उपदेशलाई उनीहरू 'बुद्ध वचन' का रूपमा स्मृतिमा सँगाल्थे र छलफल समेत गर्थे। तर त्यसबेला लिपिबद्ध गर्ने काम हुन सकेन।

बुद्ध वचनको सङ्ग्रह त्रिपिटकअन्तर्गतका विनय पिटक, सूत्र पिटक र अभिधम्म पिटकको वाचन गरिएको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भिक्षु तथा धर्मगुरुले सूत्रपिटकअन्तर्गतको दीर्घ निकायको ब्रह्मजाल सूत्र वाचन गरेर त्रिपिटक वाचनको सुरुआत गरेका हुन्। पाली भाषामा लेखिएको त्रिपिटक ग्रन्थलाई विभिन्न भाषामा अनुवाद गरिएको छ। यस ग्रन्थमा भगवान् बुद्धद्वारा बुद्धत्व प्राप्त गर्दाको समयदेखि महापरिनिर्वाण हुनुअघिसम्म दिएका प्रवचन सङ्ग्रह गरिएको छ। पाली भाषामा लेखिएको त्रिपिटकमा ८४ हजार धार्मिक उपदेश समावेश गरिएका छन्। तिनै सङ्ग्रहको एकमुष्ट समूहलाई नै बुद्धधर्मको अमूल्य र पवित्र ग्रन्थ मानिएको हो। शान्ति, अहिंसा, कुशल कार्य र मन शुद्धीकरण गर्नका लागि त्रिपिटकको ज्ञान र अध्ययन आवश्यक छ। त्रिपिटक बौद्ध धर्मको एउटै ग्रन्थ नभई गौतम बुद्धका उपदेश, वचन र सूत्रको तीन थरी दृष्टिकोण हो।

लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिस्ट्रार तिलकराम आचार्यले अन्तर्राष्ट्रिय समुदायलाई लुम्बिनीका पुरातात्विक महत्वका सम्पदास्थलबारे प्रचार तथा तीर्थाटनलाई प्रेरित गर्न, बौद्ध शिक्षा, साहित्य तथा दर्शनको महत्वबारे जानकारी गराउन त्रिपिटक वाचन कार्यक्रमले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा बुद्ध वचनको सग्रह त्रिपिटकअन्तर्गतका विनय पिटक, सूत्र पिटक र अभिधर्म पिटकको वाचन गरिनेछ। धर्म र विनयको सङ्कलनसहित प्रथम सङ्गायन सम्पन्न भएको एक शताब्दीभित्र बौद्ध धर्ममा विभिन्न फरक मतहरू देखा पर्न थाले। प्रथम संगायनदेखि विभिन्न बौद्ध उपदेशलाई सङ्ग्रह गरिएको भए पनि विभिन्न समयमा भएका संगायनपछि विनयलाई तीन पटक विभाजित गरेको पाइन्छ। त्रिपिटक बाचनले गुन्जिएको ग्रन्थले त्यस आसपास क्षेत्रमा सहभागीलाई शान्ति तथा आनन्दको अनुभुति गराएको पाइएको छ।

बौद्ध साहित्य तथा दर्शनको विकास क्रममा विभिन्न प्रकृतिका मानिस भिक्षु सङ्घमा प्रवेश गरेकाले पनि विवाद आएको पाइन्छ। सम्राट अशोकले भिक्षु सङ्घलाई एकीकरण गर्ने उद्देश्यले महास्थविर मोग्गली पुत्त तिस्सको अध्यक्षतामा पाटलिपुत्रमा तृतीय संगायन गरेको इतिहास पाइन्छ। यो संगायन बुद्धधर्मको इतिहासमा निकै महत्वपूर्ण भएको मानिन्छ। यस संगायनले पारित गरेका नियम अनुसार बुद्ध दर्शनको प्रचार-प्रसार गर्न भिक्षुहरूलाई विश्वका विभिन्न मुलुक पठाएपछि यो धमका रुपमा संसारभर फैलिएको हो।

सम्राट अशोकलाई बौद्धमार्गी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेका भिक्षु मोगालीपुत्र तिष्य महास्थविरले पाटलीपुत्रमा लगभग ईसापूर्व २४९ अर्थात गौतम बुद्ध महापरिनिर्माण भएको २३६ वर्षमा सम्राट अशोकको समयमा तृतीय बौद्ध सङ्गायन सफलतापूर्वक सम्पन्न गरेका थिए। मोगालीपुत्र तिष्यले धर्म र विनयमा राम्रो ज्ञान हासिल गरेका कारण उनको नेतृत्वमा करिब एक हजार भिक्षुले पाटलिपुत्रमा करिब नौ महिनाको समयावधिमा बौद्ध धर्मका तीनैवटा पिटकहरूको सङ्कलन गरिएको हो। उक्त सङ्गायन स्थविरवादीहरूको सङ्गायन थियो। अहिले आधिकारिक पाली त्रिपिटकको आधार यही सङ्गायनले तय गरेको थियो।

बुद्धको महापरिनिर्वाणपछि भिक्षु महाकाश्यप महास्थविरको नेतृत्वमा पहिलो संगायन सम्पन्न गरिएको थियो। बुद्धका उपदेश संरक्षण गर्ने उद्देश्यले भएको उक्त संगायनमा सातसय अर्हत भिक्षुसहित ती उपदेश सङ्कलन गर्न थालियो। बुद्धले आफूले विभिन्न ठाउँमा दिएका उपदेश तीक्ष्ण स्मरणशक्ति भएका भिक्षु आनन्दलाई सुनाउने गरेका थिए। प्रथम संगायनमा यिनै भिक्षु आनन्दले सुनाएका उपदेश भिक्षु सङ्घबाट अनुमोदन गरिएका थिए। ती उपदेश त्रिपिटकभित्रको 'सूत्र पिटक' मा सुरक्षित रहेको मानिन्छ। सङ्घमा बुद्धद्वारा निर्दिष्ट नीतिनियमलाई बौद्ध धर्मलाई कालजयी बनाउन नीतिनियमलाई भिक्षु सङ्घले सङ्ग्रह गरेको हो।

लुम्बिनी बौद्ध विश्वविद्यालयका उपप्राध्यापक इन्द्र काफ्लेका अनुसार बौद्ध दर्शनसम्बन्धी गम्भीर कुरा 'अभिधम्म पिटक' मा सङ्कलित छन्। 'अभिधम्म पिटक' को विषयवस्तु भिक्षु महाकाश्यपको रचना मानिन्छ। केही विद्वानले प्रथम संगायनपछि मात्रै यसको रचना भएको मानेका छन। त्यसैगरी वैशालीमा दोस्रो संगायन सम्पन्न गरिएपछि असन्तुष्ट पक्षलाई कारवाही गरिएको थियो। उक्त कारवाहीमा परेकाले महासाङ्घिक भेला गरेर महायानी सम्प्रदायको विकास भएको पाइन्छ। तेस्रो सङ्गायनपछि श्रीलङ्का पुगेको त्रिपिटक नै हालको पालि त्रिपिटकको आधार बन्न पुग्यो। सम्राट् अशोकले आफ्नी अर्की छोरी चारूमतीलाई धर्मप्रचारका लागि नेपाल पठाएको इतिहास भेटिन्छ।

सम्राट अशोकले लुम्बिनी र कपिलवस्तु दुई स्थानमा अशोक स्तम्भ राखेको ठाउँ पहिचान भएको र कनकमुनि बुद्धको जन्मस्थल निगालिकोटमा प्रदेश सरकारले कनकमुनी बुद्धको प्रतिमा राख्ने योजना बनाएको जनाइएको छ। सम्राट अशोकले बौद्ध धर्म विकास तथा प्रचार प्रसारमा विशेष योगदान गरेको पाइन्छ। तेस्रो बौद्ध सङ्गायनले बौद्ध धर्ममा देखिएका टुटफुट, विभाजन र अधार्मिक गतिविधिलाई अन्त्य गरी धार्मिक शुद्धता कायम गरिएको थियो। समयको विकास क्रमसँगै स्थविरवादभित्रै पनि सामान्य असमझदारी देखिन थालेपछि धर्मको नियम र विनयलाई कडाइका साथ पालना गरियो।

बौद्ध साहित्यको विकासक्रममा पहिलो संगायनदेखि छैठौसम्मका संगायन गौतमबुद्धका शिष्य, तथा अनुयायीबाट भएको पाइन्छ। 'त्रिपिटक' अन्तर्गत 'सूत्र पिटक' मा दीर्घ निकाय, मज्झिम निकाय, संयुक्त निकाय, अङ्गुत्तर निकाय जस्ता विशाल ग्रन्थ छन्। यही पिटकअन्तर्गतको खुद्दक निकाय एउटै ग्रन्थ नभएर खुद्दकपाठ, धम्मपद, उदान, यतिवुत्तक, सुत्तनिपात, विमानवत्थु, थेरगाथा, थेरीगाथा, जातक, निद्देश, महानिद्देश र चुल्लनिद्देश, पटिसम्भिदामग्ग, अपदान, बुद्धवंश, चरिया पिटकजस्ता ठूला-साना ग्रन्थलाई एकीकृत गरिएको हुन्छन्। 'विनय पिटक' भित्र पाराजिकपालि, पाचित्तियपालि, महावग्गपालि, चुल्लवग्गपालि र परिवारपालि हुन्छन्। यस्तै, 'अभिधम्म पिटक' मा धम्मसङ्गिणिपालि, विभङ्गपालि, धातुकथापालि, पुग्गपञ्जत्ति, कथावत्थुपालि, यमकपालि, पट्ठानपालि हुन्छन्।

समारोहमा सहभागी हुन काठमाडौंस्थित नयाँ बानेश्वरबाट आउनु भएका समाजसेवी तथा शिक्षक प्रदीप शाक्यले थेरवादी सम्प्रदायसँग सम्बन्धित त्रिपिटक पूरानो ग्रन्थ भएको बताउँदै महायानी सम्प्रदायले मौलिक संस्कृत भाषामा रहेका अन्य ग्रन्थलाई आधार मान्ने गरेको जानकारी दिनुभयो। महायानीले 'कंग्यूर' र 'तेंग्यूर'लाई मूलग्रन्थ मानेका छन्। यसमा सूत्र र शास्त्रको वर्गीकरण गरिएको छ। बुद्धका उपदेशलाई सूत्र जसलाई कंग्यूर तथा सोही सूत्रको आधारमा विभिन्न विद्वानले गरेको व्याख्यालाई शास्त्रलाई तेंग्यूरका रुपमा ब्याख्या गरिएको छ। बौद्ध साहित्यमा 'त्रिपिटक' बाहेक अन्य ग्रन्थहरू पनि समावेश गरिएकाले सामान्य रुपमा मानिसलाई चार आर्य सत्य, पञ्चशील, अष्टशिलको अध्ययन जीवनउपयोगी हुन सक्छ।

बोधिसत्व प्राप्त गर्ने विषयलाई लिएर हिनयान र महायानी बौद्ध दर्शनमा भिन्न दृष्टिकोण पाइन्छ। अर्हत्व प्राप्त गर्ने विषय थेरवादको उद्देश्य हो भने महायानीले बोधिसत्व प्राप्त गर्ने विषयलाई प्रमुख दृष्टिकोण बनाएका छन्। सिद्धार्थले बुद्धत्व प्राप्त गरेपछि शाक्यमुनि बुद्धका रुपमा परिचित भए। विश्व ब्रम्हाण्डका समग्र जीव प्राणीको कल्याण गर्ने तथा जीवन र दर्शनलाई हेर्ने दृष्टिकोण नै बौद्ध दर्शनका रुपमा विकास भएको पाइन्छ।

बुद्ध जन्मस्थल लुम्बिनीमा चौथोपटक अन्तर्राष्ट्रिय सामूहिक त्रिपिटक वाचन शुरु भएको उक्त कार्यक्रममा आध्यात्मिक एवं धार्मिक गतिविधिले त्यस क्षेत्रको महिमा थप उचाइमा पुगेको छ। करिब डेढ दशकदेखि भारतको बोधगयामा हुँदै आएको छ। सामूहिक वाचनमा विभिन्न देशका गरी करिब एक हजार पाँचसय प्रतिनिधि सहभागी छन्। यहाँ सहभागी हुने पर्यटकलाई लुम्बिनी तथा त्यस आसपासका सम्बन्धित क्षेत्र महत्वपूर्ण गन्तव्य बनेका छन्। मायादेवी मन्दिरलगायत, बेबी बुद्धको मूर्ति राखिएको स्थान, शान्तिदीप, विश्वशान्ति स्तूपलगायत शान्त वातावरणमा मन पराउने पर्यटकका लागि यो क्षेत्र निकै उपयुक्त छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहबाट लाखौंको स‹ृयामा तीर्थालु, तथा अध्येताहरू सो स्थानमा आउने गरेका छन्।

बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिका अध्यक्ष फुपु छेम्बे शेर्पाले आध्यात्मिक ज्ञानमार्फत प्राप्त हुने सकारात्मक ऊर्जाले विश्वमा शान्ति भई सबैले सुख पाउने विश्वास व्यक्त गर्दै उक्त समारोहको सन्देश सम्पूर्ण मानव समुदायका लागि प्रभावकारी हुने बताउनुभयो। ईपू ६२३ मा लुम्बिनीमा मायादेवीको गर्भबाट गौतम बुद्धको जन्म भएको हो भने जन्मस्थानलाई कलात्मक

बाँकी ४ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — व्यापार व्यवसायमा हतारमा आएर निर्णय नलिनुहोला। प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ। नयाँ नोकरीको लागि मार्ग प्रशस्त हुनेछ।

**वृष** — आफन्तहरूको भनेजस्तो साथ सहयोग नमिल्ला। सन्तानको शिक्षालाई लिएर चिन्ता रहनेछ। साहित्य वा कलाको क्षेत्रमा सफलता मिल्नेछ।

**मिथुन** — पराक्रम वा धैर्यमा वृद्धि हुनेछ। श्रमको उचित मूल्यांकन मिल्नेछ। सामाजिक जमघटमा आफूलाई चिनाउन सकिनेछ। व्यापारमा राम्रो फड्को मार्न सकिनेछ।

**कर्कट** — घरपरिवारमा आफन्तहरूको जमघटले मन प्रशन्न रहनेछ। दिगो लाभ हुने कार्य प्रारम्भ होला। नोकरी वा पेशामा हजुरको कार्यमा अरुले हस्तक्षेप गर्न सक्लान्।

**सिंह** — सन्तानको प्रगतिलाई लिएर मन आनन्दित रहनेछ। संवेदनशील निर्णयहरूमा आफन्तहरूको सहयोग लिनुहोला। दाम्पत्य जीवन सुमधुर रहनेछ।

**कन्या** — व्यापार व्यवसायमा मनग्य लाभ मिल्नेछ। प्रशासनिक क्षेत्रको कार्य ढिलो हुनेछ। संवैधानिक पदको मर्यादा राख्नुहोस्।

**तुला** — व्यापार विस्तारको लागि थप लगानी लगाउने समय रहेको छ। साझेदारी व्यापारबाट लाभ मिल्नेछ। कार्यक्षेत्रमा योग्यताको मूल्यांकन हुनेछ।

**वृश्चिक** — वैदेशिक रोजगारमा सफलता मिल्नेछ। सवारी साधनमा धन खर्चको योग छ। विद्यार्थीहरूको पठनपाठन भन्दा खेलकुदमा मन जानेछ।

**धनु** — चिताएको कार्य समयमा सम्पादन हुनाले मन प्रसन्न रहनेछ। योग र आध्यात्मिक ज्ञानमा वृद्धि हुनेछ। प्रतिष्ठित कार्य गर्ने समय रहेको छ।

**मकर** — कार्यक्षेत्रमा आसमर्दो कार्य सम्पादन हुनाले नयाँ कार्यतर्फ अग्रसर हुन सक्नुहुनेछ। घरपरिवारमा भाइबहिनीहरूको साथ र सहयोग मिल्नेछ।

**कुम्भ** — शेयर बाजारबाट मनग्य लाभ प्राप्त होला। कार्यक्षेत्रमा शुभचिन्तकहरूको सहयोग मिल्नेछ। इष्टमित्रहरूसँग रमाइलो समय बित्नेछ।

**मीन** — रोकिएका कार्य बन्नेछन्। रुचिको कार्यमा मन जानेछ। घरपरिवारमा मांगलिक कार्यको रूपरेखा बन्नेछ। व्यापार व्यवसायमा नयाँ सम्पर्कले भविष्यमा लाभ मिल्नेछ।

## कर्णाली...

प्रतिवेदनले कर्णाली नदीको नदीजन्य स्रोतको उपयोग तथा संरक्षणमा दीर्घकालीन समाधान खोज्न विस्तृत अध्ययन तथा सर्वेक्षण गरिनुपर्ने सिफारिस गरेको छ। बर्दियाको गेरुवा, राजापुर क्षेत्र तथा कैलालीको लम्कीचुहा, जानकी, टिकापुर क्षेत्रलाई केन्द्र मानी मानव सभ्यता, पर्यावरण र विकासको नमूना बन्ने गरी व्यापक गुरुयोजना तयार गरिनुपर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ।

मुख्यमन्त्री आचार्यले नदी व्यवस्थापन, निकुञ्ज क्षेत्रका समस्याको दीर्घकालीन समाधान र पर्यावरणीय सन्तुलन कायम गर्न संघीय सरकारसँग आवश्यक समन्वय गरी योजनाबद्ध रूपमा अघि बढ्ने बताए। उनले प्रतिवेदनमा उल्लेखित योजनाहरू प्रदेश सरकारका प्राथमिकतामा रहने र कार्यान्वयनका लागि आवश्यक प्रक्रिया अघि बढाइने बताए।

सुझाव समितिले कर्णाली नदी र बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रमा देखिएका समस्या समाधानका लागि ठोस योजना अघि सारेको छ। प्रदेश सरकारले संघीय सरकारसँग समन्वय गरी यी योजनाहरूलाई कार्यान्वयन गर्न सकेमा नदी व्यवस्थापन, सिँचाइ प्रणालीको सुदृढीकरण, पर्यावरणीय सन्तुलन र निकुञ्ज क्षेत्रमा देखिएका समस्या समाधान हुने अपेक्षा गरिएको छ।

## प्रयोगविहिन...

रुपैयाँ बजेट विनियोजन भएको छ। उक्त बजेट जग्गा अधिकरण तथा विद्यालय स्थानान्तरणमा अपुग हुनेभएपछि नागरिक उड्डयन मन्त्रालयले अर्थ मन्त्रालयसँग रकम माग गरेको हो।

चालु आर्थिक वर्षभित्रै कार्यान्वयनमा जाने गरी विमानस्थलको उत्तरतर्फ रहेको जग्गा अधिकरण र अमरज्योती माविलाई स्थानान्तरण गर्न रकम माग गरिएको छ। यसका लागि झण्डै पाँच अर्ब बजेट लाग्ने अनुमान छ। यसका अलवा हाल सञ्चालनमा रहेको विमानस्थल सुरक्षित र भरपर्दो बनाउन धावनमार्ग विस्तारदेखि विमानस्थलको टर्मिनल भवन, यात्रु प्रतिक्षालय तथा शौचालय लगायतका आवश्यक अन्य भौतिक पूर्वाधार निर्माण गरिने छ।

प्रदेश सरकार स्थापनासँगै राजनीतिक मुद्दा बनेको सुर्खेत विमानस्थल त्यसयता नेताको बोली र प्रदेश तथा संघीय सरकारको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा निकै पटक समावेश भइसकेको छ। विशेष गरी कर्णाली प्रदेशबाट उच्च राजनीतिक शक्तिमा रहेकाहरुको जुङ्गे लडाइले सुर्खेत विमानस्थलले आफ्नो स्वरुप फेर्न सकेको छैन। देशमा संघीयता कार्यान्वयनपछि मात्रै होइन त्यअघि पनि सुर्खेत विमानस्थल साविक कर्णालीका सबै जिल्लाको हब थियो।

२०७४ अघि साविक कर्णालीका जुम्ला, मुगु, हुम्ला र डोल्पा तथा सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्लामा सुर्खेत विमानस्थलबाट नियमित रूपमा हुँदै आएका उडानहरू त्यसयता भने नेपालगञ्जबाट हुँदै आएका छन्, जसले हवाई सेवा प्रयोग गरी प्रदेश राजधानी आउन लुम्बिनी प्रदेशको नेपालगञ्ज धाउनुपर्ने बाध्यता नागरिकमा छ। उतिबेला सुर्खेतबाट माथिल्ला जिल्लाहरूमा यात्रु तथा कार्गो उडान हुँदा सरकारले लगाउने हवाई शुल्क महँगो पर्ने भन्दै निजी हवाई कम्पनीहरूले आफ्ना उडानहरू नेपालगञ्ज स्थानान्तरण गरेका थिए।

यद्यपी, गएको मंसिरदेखि निजी हवाई सेवाप्रदायक कम्पनी तारा एयरले कर्णालीका तीन जिल्लामा हप्तामा दुई उडान भर्न सुरु गरेको छ। हिमाली टुर्स एन्ड ट्राभल्सको अगुवाईमा तारा एयरको ट्वीनअटर विमानमार्फत सुर्खेत विमानस्थलबाट जुम्ला, हुम्ला र मुगुमा उडान भइरहेको छ। यात्रुका कारण तत्काललाई हप्तामा दुई उडान नियमित भर्ने गरी सेवा प्रारम्भ गरेको हिमाली टुर्स एन्ड ट्राभल्सका प्रबन्ध निर्देशक मीनबहादुर रावल बताउँछन्। यात्रुको सुनिश्चितता भएपछि दैनिक उडान भर्ने तयारी रहेको उल्लेख गर्दै यात्रु नहुँदा घाटा खाएर भए पनि सेवा सञ्चालन भइरहेको उनले बताए।

# आगामी आव २०८२/८३ मा कार्यान्वयन हुने आयोजनाको प्रस्ताव माग

**राष्ट्रिय समाचार समिति**
**सुर्खेत, २१ फागुन ।**

कर्णाली प्रदेश सरकारले प्रदेश मतहतका जिल्लाका कार्यालयलाई पत्राचार गरेर आयोजनाको प्रस्ताव माग गरेको छ। आगामी आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वन गर्नेगरी जिल्लास्थित कार्यालयमा प्रदेश सरकारका मन्त्रालयबाट आयोजनाको प्रस्ताव माग गरिएको हो। सबै मन्त्रालयबाट जिल्लास्थित कार्यालयमा पत्राचार गरी आयोजनाको प्रस्ताव माग गर्न सार्वजनिक सूचनामार्फत निर्देशन दिइएको प्रदेश सरकारका प्रवक्ता एवं भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री विनोदकुमार शाहले जानकारी दिए।




उनका अनुसार आयोजना प्रस्ताव तथा छनोट प्रक्रियासम्बन्धी कार्यविधि, २०८१ मा व्यवस्था भएबमोजिम आव २०८२/८३ मा कार्यान्वयनका लागि आगामी चैत १ गतेभित्र आयोजनाको विवरण पेस गर्न निर्देशन दिइएको छ।

हालसम्म भएका काममा दोहोरो नपर्ने गरी कर्णाली प्रदेश आयोजना प्रस्ताव तथा छनौट प्रक्रिया कार्यविधि, २०८१ अनुसूची १ को विषय क्षेत्रको आधारमा रही अनुसूची २ बमोजिमको ढाँचामा प्रस्ताव माग निर्देशन दिइएको उनको भनाइ छ।

जिल्लास्थित कार्यालयमा सङ्कलन भएका आयोजना सम्बन्धित मन्त्रालयमा आउने र मन्त्रालयले छनोट गरेर योजना बैंकमा पठाउने प्रक्रिया रहेको शाहले जानकारी दिए। प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय र भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले जिल्लास्थित कार्यालयमा पत्र लेख्दै सबै ठाउँबाट आयोजनाको मागअनुसारको विवरण पठाउन अनुरोध गरिएको उनले बताए।

प्रदेशसभाका सांसददेखि ७९ वटा स्थानीय तह, जिल्लास्थित कार्यालयलाई आयोजना पेस गर्न निर्देशन दिइएको छ। आयोजना निर्माण गर्दा सबै प्रक्रिया पूरा गरेर मात्र कार्यान्वयन गर्न यो पहलकदमी लिइएको प्रवक्ता शाहले बताए। प्रदेश सरकारले बनाएको योजना बैंकमार्फत आयोजनाको प्राथमिकीरण गरेर कार्यान्वयन गरिने उनले जानकारी दिए। प्रवक्ता शाहका अनुसार प्रदेश सरकारले विकास निर्माणसम्बन्धी आयोजनालाई व्यवस्थित गर्न ' आयोजना बैंक' को अवधारणा अघि सारेर काम गरिरहेको छ। आगामी आव २०८२/८३ मा सञ्चालन हुने आयोजना उक्त बैंकमा समावेश भएर मात्र कार्यान्वयनमा जाने प्रदेश सरकारले जनाएको छ। कर्णाली सरकारले बैंक निर्माण गरी लगानी सम्मेलन गर्ने जनाएको छ।

यसअघि चारपटक लगानी सम्मेलनको मिति तय भए पनि कर्णालीमा अहिलेसम्म सम्मेलन हुन सकेको छैन। बैंकका लागि 'आयोजना बैंक व्यवस्थापन कार्यविधि-२०८१' निर्माण भएको प्रदेश योजना आयोगका उपाध्यक्ष सूर्यनाथ योगीले जानकारी दिए। उनका अनुसार अहिले 'आयोजना बैंक'बारे विभिन्न मन्त्रालय, निर्देशनाय र कार्यालयसँग छलफल भइरहेको छ।

"बैंकमा प्रदेश महत्वका विभिन्न आयोजनालाई प्राथमिकरण गरेर राखिनेछ", उनले भने, "यसले चोर बाटोबाट आवश्यक विधिहरू मिच्दै आउने योजनालाई निरुत्साहित गर्छ, योजनासँग सम्बन्धित सबै तथ्याङ्क र विवरण बैंकमा राखेपछि त्यसको कार्यान्वयन गर्न र प्रगतिबारे बुझ्न सहज हुन्छ।" उनले यसले आयोजनामा हुने दोहोरोपना हट्ने र आयोजनाको लागि बजेट विनियोजनलाई चुस्त बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे।

दोस्रो पञ्चवर्षीय योजनाले अवलम्बन गरेका नीतिहरू समावेश गरी दिगो विकास लक्ष्य हाँसिल गर्न 'आयोजना बैंक' महत्वपूर्ण मानिएको कर्णाली प्रदेश सरकारका प्रमुख सचिव लोकनाथ पौडयालले बताए। उनका अनुसार आयोजना बैंक निर्माणका लागि चालु आवको नीति तथा कार्यक्रममा समावेश गरिएको थियो भने प्रथम पञ्चवर्षीय योजनाको समीक्षालेसमेत औँल्याइएको थियो।

प्रदेश योजना आयोगको मातहतमा रही मन्त्रालयहरूले विकास योजना कार्यान्वयन गर्ने प्रदेश सरकारका प्रमुख सचिव पौडयालल जानकारी दिए। "पहुँचका आधारमा औचित्यहीन योजनामा हुने बजेट विनियोजन रोक्न पनि यो अवधारणा जरुरी छ", उनले भने, "यसले विकास योजनाको कार्यान्वयन छिटो हुने, एकद्धार प्रणालीबाट त्यसको अनुगमन र मूल्याङ्कन गर्न सहयोग पुग्छ।" विकास योजनामा लगानीको वातावरणलाई प्रोत्साहित गर्न पनि बैंकको अवधरणा प्रभावकारी हुने उनले विश्वास व्यक्त गरे।

आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले योजना छनौंटलाई व्यवस्थित, वैज्ञानिक र प्रतिफलमुखी बनाउन आयोजना बैंक प्रभावकारी हुने बताए। आयोजना बैंकले पञ्चवर्षीय योजनाको व्यवस्थित कार्यान्वयनमा सहयोग पुऱ्याइ आवश्यक लक्ष्य समयमा हाँसिल गर्न भूमिका खेल्ने उनले विश्वास व्यक्त गरे।

"अब मन्त्री, सांसद र कर्मचारीहरूले आफूखुसी योजना हाल्न पाउने छैनन्, यसमा विभिन्न सूचकमार्फत विकास योजनाको आवश्यकताको पहिचान गरी त्यसको प्राथमिकीकरण गरिनेछ र त्यसैका आधारमा कार्यान्वयनको चरणमा लगिनेछ", उनले भने, "यसले प्रदेशको तीव्र आर्थिक वृद्धिमा सहयोग पुऱ्याउन, दिगो विकासको आधार तयार गर्न र जनसहभागिताको सुनिश्चितता गर्न सहयोग पुग्नेछ।"

## कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**कोहलपुर, बाँके**
**लुम्बिनी प्रदेश, नेपाल**
**योजना तथा अनुगमन उपशाखा**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०८१/११/२२**

यस कार्यालयबाट प्रकाशित तपशिलमा उल्लेखित ठेक्का नं. र कार्य विवरण सँग सम्बन्धित निर्माण कार्यका लागि बोलपत्र आव्हान गरिएकोमा निर्धारित समयभित्र रितपूर्वक पेश बोलपत्र मध्ये निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम, मुल्याङ्कित एवं सारभुत रुपमा प्रभावग्राही देखिएकाले बोलपत्र स्वीकृतिको आशयको प्रयोजनको लागी सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ प्रयोजनका लागि सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो ७ (सात) दिने सूचना जारी गरिएको छ।

**तपशिल**

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम ठेगाना | कबोल अंक भ्याट सहित रु. |
|---|---|---|---|
| BANKE/KOMUN/W/ NCB-11/2081/082 | नेपाल राष्ट्रिय मा वि कोहलपुर-१२ बाँके, चारकोठे विधालय भवन निर्माण | गोपाल निर्माण सेवा कुमाख-१ सल्यान | २९,७९,७३०.०१ |
| BANKE/KOMUN/W/ NCB-12/2081/082 | श्री कृष्ण मा वि कोहलपुर-१ बाँके, चारकोठे विधालय भवन निर्माण | प्रस्तुति निर्माण सेवा कोहलपुर-२, बाँके | २९,६७,३२६.१२ |
| BANKE/KOMUN/W/ NCB-13/2081/082 | श्री बाल शिक्षा मा वि कोहलपुर-१३ बाँके, चारकोठे विधालय भवन निर्माण | गोर्खाली निर्माण सेवा नेपालगन्ज-१, बाँके | ३३,०४,२२७.९२ |
| BANKE/KOMUN/W/ NCB-14/2081/082 | श्री शिव शक्ति आ.वि. कोहलपुर-०२ बाँके, चारकोठे विधालय भवन निर्माण | गोर्खाली निर्माण सेवा नेपालगन्ज-१, बाँके | ३३,७०,०६०.१४ |
| BANKE/KOMUN/W/ SQ-05/2081/082 | ४ नं वडा कार्यालयको पर्खाल, गेट, पार्किङ् र माटो पटान कार्य (कोहलपुर-०४, बाँके) | आयुष निर्माण सेवा कोहलपु -८, बाँके | ८,८०,४०४.५१ |
| BANKE/KOMUN/W/ SQ-06/2081/082 | श्री सगरमाथा ज्ञानपुन्ज मा·वि· पर्खाल निर्माण कार्य (कोहलपुर-४, बाँके) | आयुष निर्माण सेवा कोहलपुर-८, बाँके | १०,६७,२५६.५१ |
| BANKE/KOMUN/W/ SQ-07/2081/082 | श्री ने ·रा· आ· वि· को पर्खाल निर्माण कार्य (कोहलपुर-०७, बाँके) | आयुष निर्माण सेवा कोहलपुर-८, बाँके | ९,५२,८१२.६५ |
| BANKE/KOMUN/W/ SQ-08/2081/082 | श्री नेपाल राष्ट्रिय प्राथमिक विधालयको पर्खाल निर्माण (कोहलपुर-१४, बाँके) | आयुष निर्माण सेवा कोहलपुर-८, बाँके | १२,६७,८४०.१७ |

**प्रमुख प्रशासकीय अधिकृत**

# फोहर बेचेर मनग्य मोहर कमाउँदै धनगढी उपमहानगर

**युग संवाददाता**
**कैलाली, २१ फागुन ।**

धनगढी उपमहानगरपालिका-२ मा सञ्चालित सूक्ष्म वर्गीकरण केन्द्रले कुहिने र नकुहिने फोहर बिक्री गरेर रु ४५ लाख ५५ हजार आम्दानी गरेको छ। केन्द्रले गत आर्थिक वर्षमा रु २५ लाख ५५ हजार र चालु आवको आठ महिनामा रु २० लाख आम्दानी गरेको हो।

उपमहानगरपालिकाका वातावरण, खानेपानी तथा सरसफाइ व्यवस्थापन शाखा प्रमुख अशोक अवस्थीका अनुसार उपमहानगरपालिकाले आव २०८०/०८१ को साउनदेखि सञ्चालनमा ल्याएको उक्त केन्द्रलाई चालु आवदेखि निजी कम्पनीमार्फत ठेक्का लगाई फोहर बिक्री गर्दै आएको छ। धनगढीको नन्दादेवी सेवा केन्द्रलाई २०८१ देखि २०८६/८७ सम्म पाँच वर्षका लागि ठेक्का दिइएको छ। ठेकेदार कम्पनीसँग पहिलो वर्षको ठेक्का रकमअनुसार प्रत्येक वर्ष १० प्रतिशतले पाँच वर्षसम्म रकम वृद्धि गर्नेगरी ठेक्का सम्झौता गरेको छ।

उपमहानगरपालिकाका १९ वडामध्ये हाल नौ वटा वडाबाट दैनिक २१ टन फोहर सङ्कलन गरेर केन्द्रले फोहर वर्गीकरण गरी बिक्री गर्ने गरिएको छ। बाँकी १० वटा वडामा सरसफाइ अभियानमार्फत व्यापारिक केन्द्रमा डस्बिन राखेर फोहर सङ्कलन गरिरहेको छ।

प्लास्टिक, फलाम, टिन, आल्मुनियम, रबर, जुत्ता, कागज सबै अलगअलग वर्गीकरण गरेर बिक्री गर्ने गरिएको उपमहानगरपालिकाले जनाएको छ। कुरकुरे र चाउचाउका प्लास्टिकजन्य नकुहिने फोहर व्यवस्थापनमा समस्या भएको छ। यस्तो फोहरलाई वडाको सिफारिसमा खाली जमिनमा व्यवस्थापन गर्दिँदै आएको बताउँदै अवस्थीले भने, "सङ्कलित फोहरमध्ये ७० प्रतिशत प्रयोगमा ल्याउने गरिएको छ, सङ्कलित फोहरमध्ये कुहिने फोहरबाट बायोग्यास निकालिने गरिएको छ।"

## गुर्भाकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**शुभाघाट, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

### सीप विकास तालिम सञ्चालन सम्बन्धि सूचना

**सूचना प्रकाशित मिति : २०८१।११।२१**

गुर्भाकोट नगरपालिकाको आ व २०८१।०८२ को उद्योग तथा व्यवसाय प्रवर्द्धन शाखाको स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत तपसिलमा उल्लेखित सीप विकास तालिम सञ्चालन गर्नुपर्ने भएकाले तालिम लिन ईच्छुक व्यक्तिहरुले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तोकिएका कागजातहरु सहित यस नगरपालिकामा आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपिसल:**

| सि नं | तालिमको विषय | तालिम सञ्चालन स्थान | आवश्यक कागजातहरु | अवधि |
|---|---|---|---|---|
| १ | स्तरोन्नती बुटिक डिजाईन | गु न.पा वडा नं-१२ | क) आधारभूत बुटिक तालिम वा आधारभूत सिलाई कटाई तालिम प्रमाणपत्रको प्रतिलिपि<br>ख) नागरिकताको प्रतिलिपि<br>ग) निवेदन | २७० घण्टे |
| २ | एडभान्स हाउस वायरिङ्ग | गु न.पा वडा नं-१२ | क) आधारभूत हाउस वायरिङ्ग तालिम प्रमाणपत्रको प्रतिलिपि<br>ख) नागरिकताको प्रतिलिपि<br>ग) निवेदन | २७० घण्टे |

**प्रमुख प्रशासकीय अधिकृत**

**कर्णाली प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**प्रदेश वन निर्देशनालय**

## भू तथा जलाधार व्यवस्थापन कार्यालय,

**वीरेन्द्रनगर, सुर्खेत**

### प्रस्ताव पेस गर्ने सम्बन्धी अन्यन्त जरुरी सूचना

**(प्रकाशित मिति: २०८१/११/२०)**

कर्णाली प्रदेश आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची-१ मा उल्लिखित विषयक्षेत्रको आधारमा रही आर्थिक वर्ष २०८२/८३ को लागि अनुसूची-२ बमोजिमको ढाँचामा कार्यालयको कार्यक्षेत्र अन्तरगत (दैलेख, सुर्खेत, सल्यान, रुकुमपश्चिम र जाजरकोटका ४३ वटा स्थानिय तह) पर्ने आयोजनाहरुको लागि भू तथा जलाधार व्यवस्थापन कार्यालय सुर्खेतमा मिति २०८१/१२/०१ गते भित्रमा प्रस्ताव पेस गर्न प्रदेश सभा सदस्य ज्यू, स्थानिय तह तथा सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

थप जानकारीका लागि कार्यालय समयमा कार्यालयका योजना शाखाका (वालीविकास अधिकृत सातौं तह) श्री ब्रिन्दा नेपाली (मो.नं. ९८४४८६५५६०) वा इमेल swmosurkhet@gmail.com मार्फत सम्पर्क गर्न सकिनेछ।

**कार्यालयवाट संचालन हुन सक्ने मुख्य मुख्य कार्यक्रमहरुको विवरण (जानकारीका लागी मात्र)**

१. **प्राकृतिक प्रकोप रोकथाम:** बायो इन्जिनियरिङ गल्छी, पहिरो, खहरे, खोला किनारा संरक्षण, सेडिमेन्ट छेकवाध संरचना।
२. **पानी श्रोत संरक्षण:** पानीमुहान संरक्षण, पानी पुनः भरण संरचना तथा संरक्षण पोखरी, सिमसार संरक्षण, खानेपानीश्रोतको उपजलाधार क्षेत्र संरक्षण तथा व्यवस्थापन।
३. **भूमी उत्पादकत्व संरक्षण:** कृषि वन मैत्री खेतवारी संरक्षण, क्षेतिग्रस्त भूमी पुनरुत्थान, घाँस/डालेघाँस तथा फलफुल रोपण, नदी उकास, जग्गा संरक्षण एवं सदुपयोग कार्यक्रम।
४. **विकासका पुर्वाधार संरक्षण:** सिचाईकुलो संरक्षण, बायोइन्जिनियरिङ्ग सडकपाखा संरक्षण, ग्रामिण सडकसंग भूसंरक्षण।
५. **सामुदायीक भूसंरक्षण:** साना जलाधार संरक्षण प्रदर्शन, साझेदारी भूसंरक्षण, विपन्न वर्गको लागी आयमुलक भूसंरक्षण कार्यक्रम।

## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिका कार्यालय
### सुर्खेतको संधियारका नाउमा जारी ७ दिने सूचना

**(प्रकाशित मिति २०८१/११/२२ गते**

सुर्खेत वी.न.नपा बस्ने श्री देविका शाहीले यस वी.न.न.पा. वडा नं. १० साविक लाटीकोइली २/७ क कि.नं. ५६१९, क्षेत्रफल १६४.०० वर्ग मी. मा घर निर्माणका लागि नक्सा पास गरिदिन यस न.पा. कार्यालयमा निवेदन दिए बमोजिम/सर्जमिन मुचुल्काका लागि लगत बुझ्न जाँदा संधियार उपस्थित नभएको र हुन नसक्ने स्थिति भएको भन्ने बुझिएकोले तल उल्लेख भए अनुसारको कि.नं. का जग्गाधनीहरुको सांध सिमानामा निजको घर बनाउँदा कोही कसैलाई मर्कापर्ने भए आफुलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालय/संयुक्त वडा कार्यालयमा उजुर बाजुर गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र पर्न नआएका उजुरीप्रति कुनै कारवाही गरिने छैन ।

**तपसिल :**

**पूर्व जग्गाधनी :** चम्पाकली बस्नेत
**पश्चिम जग्गाधनी :** इन्द्र व. रोकाय
**उत्तर जग्गाधनी :** बाटो
**दक्षिण जग्गाधनी :** प्रेम सापकोटा

युगआह्वान
राष्ट्रिय दैनिक

# धार्मिक पर्यटकीय क्षेत्र मुडकामा लाग्ने मेलाको तयारी पूरा

**युग संवाददाता**
**कञ्चनपुर, २१ फागुन ।**

शुक्लाफाँटा नगरपालिका-८ स्थित धार्मिक पर्यटकीय क्षेत्र मुडकामा लाग्ने मेला (जाँत)को तयारी पूरा भएको छ। यही फागुन २३ र २४ गते लाग्ने मेलाका लागि मन्दिर परिसरमा सरसफाइसँगै सडक मर्मतलगायत तयारी पूरा भएको हो।

मेलाका लागि मन्दिर परिसरभन्दा तल्लो क्षेत्रमा व्यापारिक प्रयोजनका पसल राख्ने व्यवस्था मिलाइएको छ। सवारीसाधन पार्किङका लागि स्वयंसेवक छनौंट गरिएको वैजनाथ धार्मिक तथा पर्यटकीय विकास समितिका अध्यक्ष पुरन हमालले बताए।

"मन्दिर परिसर र त्यसको आसपासको क्षेत्रलाई दर्शनार्थीका लागि छुट्ट्याएका छौं", उनले भने, "मेला क्षेत्रमा मदिरा पूर्ण रूपमा निषेध गरिएको छ।" दर्शनार्थीका सवारीसाधन हिँड्ने सडकमा धुलाम्मे हुने भएकाले त्यसमा पानी छर्केर व्यवस्थित पार्ने कार्य भइरहेको उहाँले उल्लेख गरे। खानेपानीको उचित प्रबन्ध गरिएको छ।

अध्यक्ष हमालका अनुसार मेला क्षेत्रमा अवाञ्छित गतिविधि हुन नदिन शान्ति सुरक्षाका लागि प्रहरी र सशस्त्र प्रहरीसँग समन्वय गरिएको छ। ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, महिलाहरूलाई मन्दिरमा दर्शन गर्न पहिलो प्राथमिकतमा राख्ने निर्णय गरिएको समितिका कोषाध्यक्ष डम्बरबहादुर ऐरले बताए।

फागुन शुक्ल पक्षको नवमीको राति र दशमीको दिन दिउँसो मुडकामा प्रत्येक वर्ष मेला लाग्ने गर्दछ। यस अवसरमा नगरपालिको स्थानीय बिदा दिने गरेको छ। जिल्लाकै धार्मिक तथा पर्यटकीय हिसाबले महत्वपूर्ण गन्तव्यका रूपमा मुडकालाई लिने गरिन्छ। मन्दिरको दर्शन गरेमा मुडकामा रहेको बैजनाथ बाबाको दर्शन गरेमा ईच्छित फल पाइने जनविश्वासका कारण दर्शनार्थीको घुइँचो लाग्ने गर्छ। मेलामा भारत, नेपालका दर्शनार्थीसँगै व्यापारीको ठूलो जमघट हुने स्थानीय बताउँछन्।

# विदेशबाट फर्केर बाख्रापालन गर्दै युवा

**युग संवाददाता**
**दाङ, २१ फागुन ।**

रोल्पा नगरपालिका-७ घापामा पुर्ख्यौली घर भएका रुप बुढामगर र रामकुमारी थापा बसाइँसराइ गरी दाङको घोराही उपमहानगरपालिका-६ अघरामा आए। यहाँ आएपछि थापाले घर खर्च जुटाउन चारवटा बाख्रा पालेका थियो।

थापा घरगृहस्थी र बाख्रापालनमा लाग्नुभयो भने उहाँका श्रीमान् वैदेशिक रोजगारीका लागि दुबई गए। दुबईमा पाँच वर्ष र मलेसियामा पाँच वर्ष बसेका बुढामगर कोरोनाका कारण मलेसियाको कम्पनीमा काम रोकिएपछि स्वदेश फर्किए।

स्वदेश फर्किएपछि बुढामगरले घरखर्चका लागि पालिएका बाख्रामा अरु थप गरेर व्यावसायिक रूपमा कृषि पेसामा आबद्ध भएको बताए। दुईपटक गरेर १० वर्षसम्म विदेशी भूमिमा पसिना बगाएपछि अब स्वदेशमै केही गर्नुपर्छ भनेर बिएम बाख्रा फार्म खोलेर व्यवसाय सुरु गरेको उनको भनाइ छ।

बुढामगरका अनुसार अहिले खोरमा १५ माउ बाख्रा, १८ पाठापाठी, सात खसी र दुईवटा बोयर बोका छन्। बाख्रा पाल्नका लागि रु १० लाखको लागतमा तारजालीले बारेर व्यवस्थित खोर बनाएको उनले बताए। "दिउँसो बाहिर घाममा र बिहानबेलुकाभित्र बस्न मिल्ने दुई ठाउँमा खोर छन्। दाना खानलाई डुँड पनि व्यवस्थित बनाएका छौं", उनले भने।

गत माघमा मात्रै रु ७५ हजारका बाख्रा बिक्री गरेको बुढामगरले जानकारी दिए। एउटा माउ बाख्रा रु १९ हजार पाँच सयमा बिक्री गरेको उनले बताए। उनका अनुसार पुस र माघमा सबैभन्दा बढी १२ वटा बाख्रा बिक्री गरेर रु पाँच लाख आम्दानी भएको छ।

"साना पाठापाठी ठूला हुँदैछन्, त्योबाट सङ्ख्या बढ्छ। त्यसैले तयार भएका बख्रा बिक्री गरेर पैसाको जोहो गरेको हुँ। रामकुमारीले बाख्रा पाल्न सुरु नगरेको भए के पेसा गरिन्थ्यो थाहा छैन तर घरमा बाख्रा भएकाले त्यसैलाई विस्तार गरेको थिएँ, अहिले मनग्ये आम्दानी भइरहेको छ", बुढामगरले भने।

बाख्रालाई खुवाउने घाँसखेती आफैँले गरेको बताउँदै उनले पराल र खाना मात्रै किनेर खुवाउने गरेको उल्लेख गरे। उनले भने, "बजारको दाना खुवाउँदिन। मकै र धान खरिद गरेर राखेको छु, घरमै सानो मिनी मिल रहेकाले त्यसैमा पिसेर दाना बनाउने गरेको छु।"

## विश्व...

शैलीको मायादेवी मन्दिर मन्दिर बनाइएको छ। मन्दिर परिसरमा बाहिर अखण्डदीप छ, त्यसलाई शान्ति दीप पनि भनिन्छ।

यस क्षेत्रमा रहेको सेक्रेट गार्डेन, स्तूप क्षेत्र, पुरातात्विक सम्पदास्थल, मन्दिरको अवलोकन गर्न तथा बुद्धका जीवनीसँग सम्बन्धित खोज तथा अनुसन्धानका लागि लुम्बिनी आसपास क्षेत्र बौद्ध तीर्थालु, अनुसन्धानकर्ता, पर्यटक, कूटनीतिज्ञले भ्रमण गर्ने गरेका छन्। गौतम बुद्धका सन्देश आध्यात्मिकता, शान्ति, विश्व बन्धुत्व र करुणा, झल्किने वातावरणको सिर्जना गर्न सहयोग पुग्ने लुम्बिनी क्षेत्रमा थेरवादी र महायानी बौद्धमार्गीका अलग अलग विहार तथा गुम्बा छन्। यहाँ दुर्लभ पंक्षी संरक्षण गर्ने उद्देश्यले सारस संरक्षण केन्द्र पनि स्थापना गरिएको छ।

## पुरोहितलाई...

व्यवस्था पनि गर्न लागिएको उनले सुनाए। ज्योतिष प्रशिक्षण लिन भने जनजाति र दलित पनि आउने गरेको समितिले जनाएको छ। कर्मकाण्ड प्रशिक्षणमा भने महिलाको पनि रुचि हुने गरेको छ।

छ महिने प्रशिक्षणको रु १५ हजार शुल्क तोकिएको कार्यकारी निर्देशक ढुङ्गेलले बताए। यसमा थप परीक्षा शुल्क पनि लिइने जनाइएको छ। कथावाचक, ज्योतिषी र कर्मकाण्ड गर्ने पुरोहितलाई नियमन गर्न, करको दायरामा ल्याउन पनि अनुमतिपत्र लिनुपत्र उपयुक्त हुने भनी तयारी भइरहेको समितिका अध्यक्ष प्रा श्रीकृष्ण अधिकारीले बताए।

## प्रयोगविहिन...

यो विमानस्थलमा परीक्षण उडान सफल भएको थियो। त्यसयता १४ फागुन २०८० मा पूर्वउपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, पूर्वसंस्कृति, पर्यटन तथा नागरिक उडड्यान मन्त्री सुदन किराँती, कर्णालीका पूर्वमुख्यमन्त्री राजकुमार शर्मा, पूर्वमुख्यमन्त्रीद्वय महेन्द्रबहादुर शाही र जीवनबहादुर शाहीसहितको टोलीले नेपाल एयरलाइन्स र तारा एयरका दुईवटा जहाज अवतरण गरेर विमानस्थलको उद्घाटन गरेका थिए।

विमानस्थलको उद्घाटन गर्दै पूर्वउपप्रधान तथा रक्षामन्त्री पूर्णबहाददुर खड्काले लामो समयपछि निकै मिहिनेत र कठिन परि स्थितिका बाबजुद विमानस्थलको उद्घाटन भएको बताएका थिए। यात्रुको माग हेरेर हप्ताको एकपटक उडान भर्ने प्रतिबद्धतासमेत उनको थियो। त्यसयता यसतर्फ कसैको चासो नरहँदा अहिले कोटबाडा विमानस्थल परीक्षण उडानमै सीमित भएको छ।

त्यस्तै, रुकुम पश्चिमको चौरजहारी विमानस्थल पाँच वर्षदेखि बन्द छ। विमानस्थल बन्द हुँदा जाजरकोट, सल्यान र रुकुम पश्चिमलगायत यस क्षेत्रका नागरिक हवाई सेवा लिनबाट वञ्चित छन्। २०७५ सालदेखि बन्द विमानस्थल सञ्चालन हुन नसक्दा नागरिक मर्कामा पर्दै आएका छन्। पहिले सातामा दुई दिन नेपाल वायु सेवा निगमको ट्वीनअटर जहाजले सेवा दिने गरे पनि अहिले सो सेवा बन्द छ। पाँच करोड ५९ लाख ४९ हजार रुपैयाँ लागतमा २०७२ सालमा विमानस्थलको धावनमार्ग कालोपत्र गरिएको थियो। विमानस्थलमा जहाज नआउने भएपछि अहिले यो विमानस्थल घाँसे मैदानमा परिणत भएको छ। डोल्पाको मसिनेचौर विमानस्थलको हालत पनि उस्तै छ। निर्माण कार्य सम्पन्न भइसक्दा पनि मसिनेचौर विमानस्थल सञ्चालनमा आउन सकेको छैन। २०६८ सालमा निर्माण गरिएको विमानस्थलको २०७२ मा कालोपत्र गरिएको थियो। पूर्वाधार निर्माणका सबै काम सम्पन्न भइसकेको छ। तर, अहिलेसम्म परीक्षण उडानसमेत गरिएको छैन। त्रिपुरासुन्दरी नगरपालिकामा २०६६ सालदेखि विमानस्थलको निर्माण सुरु गरिएको थियो।

२०६८ मा निर्माण सम्पन्न भई २०७२ मा कालोपत्रे सम्पन्न भएको थियो। डोल्पामा हवाई यातायातका लागि जुफाल विमानस्थलको विकल्पका रुपमा मसिनेचौर विमानस्थल निर्माण गरिएको थियो। समयमै निर्माण गरिए पनि सञ्चालनमा भने बेवास्ता गरिदा करोडौं रकम खर्चेर निर्माण गरिएको विमानस्थल प्रयोगविहिन बनेको छ।

## स्तरोन्तीको...

सुरक्षागार्ड भवन लगायतका संरचना निर्माणको काम अघि बढ्न सकेको छैन।

विमानस्थल विस्तारमा कुल एक अर्ब खर्च लाग्ने अनुमान छ। बजेट अभाव भएपछि नागरिक उड्यन मन्त्रालयले चालु आर्थिक वर्षबाट कार्यान्वयन हुने गरी थप ४० करोड बजेट अर्थ मन्त्रालयसँग माग गरेको छ। अर्थसँग स्रोत सुनिश्चित गर्न गरिएको प्रस्ताव स्वीकृत भएको खण्डमा जुम्ला विमानस्थल विस्तारको काम अघि बढ्ने छ। विमानस्थलको धावनमार्ग छोटो हुँदा साना १८ र १९ सिटे जहाज मात्रै अवतरण गर्न सकिने अवस्था छ। विस्तार गर्न लागिएको धावनमार्गमा ४२ सिटे जहाज अवतरण गर्नेगरी संरचना निर्माण हुनेछन्।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री खेम कुमार शाही समेत ३ जना धनी रहेको, दर्ता नम्बर ९६७५ बाट वी.न न.पा-४, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री अवसर नेपाल परामर्श केन्द्र नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## उद्योग खारेजीको सूचना


उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री सन्तोश पौडेल धनी रहेको, दर्ता नम्बर ९६३२/०७९/०८० बाट वी.न न.पा-८, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री कल्याण ट्रेनिङ्ग इन्ष्टिच्यूट नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।













**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: भवानी छापाखाना, सुर्खेत ।